# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं. ४८८९

मितिः२०८३/०१/०२

विषयः -कार्यान्वयन सम्बन्धमा।

श्री विद्यालयहरू सवैं (मन्टेश्वरी समेत)
भरतपुर महानगरपालिका चितवन ।

"शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ४३५ मिति २०८२/१२/२५ को पत्रानुसार २०८३ सालको शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने भन्ने नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/१२/२२ को निर्णय साथै २०८२/१२/२३ देखि सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक सस्थामा शनिवार र आइतबार २ दिन सार्वजनिक विदा दिने निर्णय भएको सन्दर्भमा परिवर्तित शैक्षिक सत्र एवम सार्वजनिक विदाअनुसार शैक्षिक कार्यक्रम तयार पारी कार्यान्वयन गर्ने व्यवस्थाका लागि सम्पूर्ण विद्यालयहरूलाई आवश्यक समन्वय एवम् सहजीकरण गरिदिनु हुन भनी लेखी आएकाले सो सम्बन्धमा २०८३ बैशाख २ गते देखि तपसिल अनुसारका शैक्षिक गतिविधि लगायतका प्रवर्धनात्मक र रचनात्मक शैक्षिक कार्यहरू गर्नु गराउनु हुन यस केन्द्रको मिति २०८२/१२/२६ को निर्णयानुसार अनुरोध छ" भनी शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको प.सं. २०८२/८२, च.नं. ६७, मिति २०८२/१२/२६ को निर्णय कार्यान्वयन सम्बन्धमा लेखिएको पत्र प्राप्त भएकाले सम्वत् २०८२ बैशाख २ गते देखि तहाँ विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरू विद्यालय सञ्चालन हुने समयभर नियमानुसार विद्यालयमा उपस्थित भई केन्द्रको प.सं. २०८२/८३, च.नं. ६७, मिति २०८२/१२/२६ को निर्णय कार्यान्वयन सम्बन्धमा लेखिएको पत्रमा उल्लेखित कार्यहरूको अतिरिक्त देहाय बमोजिमका कार्यहरू सम्पादन गर्नु गराउनु हुन नगर शिक्षा समितिको बैठकको मिति २०८२/१२/२७ को निर्णयानुसार अनुरोध छ।

तपसिलः

१ नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/२२ गतेको बैठकले "*२०८३ सालको शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने* निर्णय भएकाले मिति २०८३।१।१५ अगाडि कुनै पनि शैक्षिक संस्थाहरू (विद्यालय तथा मन्टेश्वरी समेत) ले विद्यार्थी भर्ना वा सो सँग सम्वन्धित आवेदन खुलाउने, प्रवेश परीक्षा सञ्चालन, भर्ना वा यस सम्बन्धी अन्य कुनै पनि कार्यहरू नगर्न विद्यालयहरूलाई निर्देशन दिने नगर शिक्षा समितिको मिति २०८२/१२/२७ को बैठकले निर्णय गरेकाले सोही अनुसार गर्नु गराउनु हुन ।

२ शिक्षक स्टाफ बैठक बसी जिम्मेवारी बाँडफाँड तथा तल उल्लेखित सम्भावित कार्यहरू सम्पादन गर्ने गरी कार्ययोजना निर्माण गर्ने।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं. ४८४९

३ सरोकारवालाहरूलाई विद्यालय सुधार योजना निर्माण सम्बन्धी अभिमुखीकरण/अभिमुखीकरण कार्यशाला सहभागी भएकावीचबाट योजना टोलीको निर्माण, मस्यौदा लेखन, सरोकारवालाहरूमा प्रस्तुति र छलफलका सुझाव समेटेर विद्यालय सुधार योजनाको अध्यावधिक गर्ने।

४ विद्यालयमा सञ्चालन गरिने अतिरिक्त तथा सहक्रियाकलाप सम्बन्धी वार्षिक योजना निर्माण र जिम्मेवारी बाँडफाँड

५ अभिभावकहरूसंग उद्देश्य लक्षित अन्तरक्रिया, छलफल, सरोकारवाला र अभिभावक अभिमुखीकरण र बैठक ।

६ विद्यालय तहको लागि स्वीकृत विद्यार्थी मूल्याङ्कन प्रणालीको सम्बन्धमा शिक्षकलाई अनुशिक्षण गर्ने। विद्यार्थी मूल्याङ्कन समेतका लागि वैयक्तिक सिकाइ फाइलको व्यवस्थापन/ पोर्ट फोलियो निर्माण र अध्यावधिक/ विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८० (कक्षा ४-८) र कक्षा ९-१२) को अभिमुखीकरण र स्व अध्ययन तथा विषयगत शिक्षकद्वारा सो को कार्यान्वयन योजना तयारी।

७ एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) को सुदृढीकरण: विद्यालयका सबै तथ्याङ्कहरू शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा अध्यावधिक गर्ने, विद्यालय भौतिक सुविधाको अवस्था अध्यावधिक गर्ने ।

८ कक्षा ११ को नियमित पठन पाठन र १२ को प्रयोगात्मक परीक्षा / विभिन्न कक्षाका वार्षिक नतिजाको आधारमा ग्रेडवृद्धि परीक्षाको सञ्चालन र सो को लागि परीक्षामा सहभागीहुने विद्यार्थीहरूलाई सिकाइ सहजीकरण ।

९ वार्षिक परीक्षा २०८२ को नतिजाको विश्लेषण गरी सिकाइ सक्षमता कमजोर भएका विद्यार्थीहरूको पहिचान गरी उनीहरूको सिकाइ सुधारको लागि अभिभावक परामर्श, विद्यार्थी परामर्श र निदानात्मक कक्षा सञ्चालन गर्ने।

१० सम्वत २०८२ सालको लागि महानगरपालिकाले तयार पारेको वार्षिक शैक्षिक कार्यपात्रोको आधारमा जम्मा विद्यालय खुल्ने दिन र जम्मा पढाइ हुने दिन यकिन गरी विद्यालयको वार्षिक शैक्षिक क्यालेण्डर तयार पार्ने। सम्बन्धित कक्षा र विषयको लागि पाठ्यक्रम विकास केन्द्रले तोकेको पाठ्यघण्टालाई विश्लेषण गरी पाठ्यक्रमको गहन अध्ययन गरेर विद्यालयको वार्षिक कार्यतालिकाको आधारमा सबै सिकाइ सक्षमता सुनिश्चित हुने गरी जम्मा कक्षा सञ्चालन हुने अवधि यकिन गरी पाठ्यघन्टामा समायोजन गरी समय विभाजन गर्ने। पाठ्यक्रम विश्लेषण गर्दा शिक्षकले नै सिकाउनु पर्ने, विद्यार्थी आफैले पढ्न/ सिक्न सक्ने र समुदाय, घर, परिवार र संस्कारबाट सिक्न सक्ने सिकाइ सक्षमता पहिचान गर्ने। वार्षिक

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्‌बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल


प.सं. २०८२/०८३
च.नं. ४८४९

कार्यपात्रोको आधारमा आफूले अध्यापन गर्ने प्रत्येक विषयको वार्षिक शैक्षणिक योजना निर्माण गर्ने। एकाइ योजना र दैनिक पाठ योजना समेत क्रमश निर्माण गर्ने।

११ विषय शिक्षक, कक्षा शिक्षक र प्रधानाध्यापकद्वारा विषयगत, कक्षागत र विद्यालयगत रूपमा शैक्षिक सत्र २०८२ को वार्षिक परीक्षाको नतिजा विश्लेषण गरी कमजोर सिकाइ अवस्था भएका वा सिकाइ समस्या भएका बालबालिकाहरूको पहिचान गरी उनीहरूको सिकाइ सुधारको लागि बैयक्तिक सिकाइ योजना समेत बनाइ एकिकृत सिकाइ सुधार योजना बनाउने। शैक्षिक सत्र २०८३ को लागि विषयगत, कक्षागत र विद्यालयगत लक्ष्य तोकी शिक्षकले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले व्यवस्थापन समितिसंग लक्ष्यसहित करार सम्झौता गर्ने ।

१२ शैक्षिक सत्र २०८३ को लागि विद्यार्थीहरूको लागि पाठ्यपुस्तक व्यवस्थापन र वितरणको तयारी गर्ने । यसो गर्दा पाठ्यक्रम विकास केन्द्रद्वारा पाठ्यपुस्तकको रूपमा स्वीकृत पाठ्यपुस्तक अनिवार्य रूपमा प्रयोग गर्ने।

१३ मिति २०८३ बैशाख १५ देखि विद्यार्थी भर्ना र ऐ २१ देखि पठन पाठन हुने भएकाले सो अवधि भित्रै विद्यालयमा गर्नु पर्ने सामान्य मर्मत सम्भार, प्रयोगशाला, पुस्तकालय तथा फर्निचर मर्मत एवम् सुधार र सरसफाइ जस्ता कार्यहरू सम्पन्न गर्ने ।

१४ शैक्षिक सत्र २०८३ मा सञ्चालन गरिने विभिन्न आवधिक, मासिक र कक्षा परीक्षाहरूमा प्रयोग हुने प्रश्नपत्रहरूको निर्माणका लागि विद्यालयले कार्यशाला आयोजना गरी विषय शिक्षकहरूले प्रश्नपत्र निर्माण र सम्पादन गर्ने ।

१५ विद्यालयका सबै आर्थिक क्रियाकलापहरू विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत विद्यालयको बार्षिक बजेटबाट सञ्चालित हुनु पर्दछ। विद्यालयले बार्षिक बजेट निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराउने। बार्षिक बजेट बनाउदा विद्यालय सुधार योजनामा चालु वर्षका लागि लिइएका लक्ष्य, उद्देश्य र कार्यक्रमलाई समावेश गर्ने ।

१६ महानगरभित्रका कम्तिमा २ वटा राम्रा विद्यालयहरूको असल अभ्यास अनुकरणका लागि अध्ययन भ्रमण गरी आफ्नो विद्यालय सुधारको क्षेत्रहरू पहिचान गरी कार्यान्वयनमा प्रतिवद्धता सहितको कार्ययोजना निर्माण।

१७ शिक्षक क्षमता विकास कार्यक्रम, फिडर विद्यालयहरूसंग शैक्षणिक कार्यक्रममा सहकार्य गरी शैक्षिक योजना निर्माण र कार्यान्वयनमा एकरुपता कायम गर्ने।


056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्‌बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं. ४८८९

१८ विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, दिवा खाजा व्यवस्थापन समिति र शिक्षकहरूको एकल वा सयुक्त बैठक गर्ने ।

माथि उल्लिखित कार्यहरूको अतिरिक्त विद्यालयको आवश्यकतानुसार पहिचान भएका थप कार्यक्रमहरू समेत समावेश गरी कार्ययोजना तयार पारी कार्यान्वयन गर्न सकिने छ। यसरी तयार पारिएको कार्ययोजनाको कार्यान्वयन भए नभएको अनुगमन विद्यालय व्यवस्थापन समितिबाट गराउनु हुन तथा कार्ययोजनाको एकप्रति शैक्षिक प्रशासन महाशाखामा पेश गर्न र कार्यान्वयन पछि समीक्षा सहित प्रगति विवरण समेत पेश गर्नु हुन अनुरोध छ।

सुवासचन्द्र आचार्य
उपसचिव

सादर अवगतार्थ र बोधार्थः
श्रीमान् कार्यवाहक नगर प्रमुखज्यू,
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
श्री सूचना तथा सञ्चार प्रविधि शाखाः वेबसाइटमा अपलोड गरिदिनु हुन।